# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, पुस ४ गते, २०७३ साल (संख्या ४४


## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## सार्वजनिक खरिद (चौथो संशोधन) नियमावली, २०७३

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सार्वजनिक खरिद (चौथो संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ मा संशोधनः सार्वजनिक खरिद नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (न) पछि देहायका खण्ड (प), (फ), (ब),(भ) र (म) थपिएका छन्:-

"(प) "औषधिजन्य मालसामान" भन्नाले औषधि, खोप वा भ्याक्सिन, सिरिन्ज,रगत राख्ने झोला, प्रयोगशालामा उपयोग हुने रसायन (रिएजेन्ट), परिवार नियोजनका हर्मोनले उत्पादन वा रोगको निदान तथा उपचारको लागि प्रयोग हुने स्वास्थ्य सम्बन्धी उपकरण सम्झनु पर्छ ।

(फ) "विद्युतीय बोलपत्र" भन्नाले विद्युतीय खरिद प्रणालीको उपयोग गरी बोलपत्रदाताले पेश गरेको बोलपत्र सम्झनु पर्छ ।

(ब) "विद्युतीय खरिद प्रणाली" भन्नाले सार्वजनिक खरिद अनुगमन कार्यालयले नियम १४६ बमोजिम विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी स्थापना, सञ्चालन र व्यवस्थापन गरेको खरिद प्रणाली सम्झनु पर्छ ।

(भ) "विद्युतीय सञ्चार माध्यम" भन्नाले सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणाली स्थापना, सञ्चालन र व्यवस्थापन गर्न उपयोगमा ल्याएको विद्युतीय सञ्चार प्रविधि, पद्धति वा माध्यम सम्झनु पर्छ ।

(म) "सरकारी कोष" भन्नाले सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष वा स्थानीय सञ्चित कोष सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापना भएका अन्य सरकारी कोषलाई समेत जनाउँछ।"

३. <u>मूल नियमावलीको नियम ३ मा संशोधनः</u> मूल नियमावलीको नियम ३ को खण्ड (ज) मा रहेका "साठी लाख" भन्ने शब्दहरूको सट्टा "दुई करोड" भन्ने शब्दहरू राखिएका छन् ।

४. <u>मूल नियमावलीमा नियम ५क. थपः</u> मूल नियमावलीको नियम ५ पछि देहायको नियम ५क. थपिएको छः-

"५क. <u>मालसामान, निर्माण कार्य र सेवाको विवरण स्वीकृत गर्नु पर्ने</u>:(१) सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार भएको विवरण नियम १४ बमोजिमको अधिकारीबाट स्वीकृत हुनु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सुरुङमार्ग, रेलमार्ग, रज्जुमार्ग, केबलकारमार्ग र विशेष प्रकृतिका सडकमार्ग जस्ता जटिल र विशेष प्रकृतिका संरचनाको स्पेसिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरू विभागीय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम तयार गरिएको विवरण देहायका कुनै अवस्थामा संशोधन गर्न सकिनेछः-

(क) विवरण तयार गर्दाका बखत पूर्वानुमान गर्न नसकिने भौगर्भिक रूपले जटिल प्रकृतिको निर्माण कार्य भएमा,

(ख) विवरण तयार गरिसकेपछि प्राकृतिक प्रकोपजन्य परिस्थिति सिर्जना भएमा,

(ग) विभागीय नर्म्स परिवर्तन भएमा,

(घ) निर्माण कार्य सञ्चालन गर्ने पूर्व निर्धारित प्रविधिवा पद्धिति परिवर्तन भएमा,

(ङ) विशेष र जटिल प्रकृतिको संरचना भई सोको कार्यान्वयनमा कठिनाइ उत्पन्न भएमा ।

(५) उपनियम (१) बमोजिम तयार भएको विवरण उपनियम (४) मा उल्लिखित अवस्थामा संशोधन गर्नु परेकोमा बाहेक ऐनको दफा ५क. को उपदफा (२) बमोजिम कानूनी कारबाहीको लागि लेखी पठाउने कर्तव्य सार्वजनिक निकायको प्रमुखको र निज स्वयम्ले उपनियम(१) बमोजिमको विवरण स्वीकृत गरेको रहेछ भने एक तह माथिको अधिकारीको हुनेछ।"

५. <u>मूल नियमावलीको नियम ९ मा संशोधनः</u> मूल नियमावलीको नियम ९ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) सार्वजनिक निकायले उपनियम (१) बमोजिम लागत अनुमान तयार गर्दा नियम ५क. बमोजिमको विवरण समेतको आधार लिनु पर्नेछ ।"

६. <u>मूल नियमावलीको नियम १२ मा संशोधनः</u> मूल नियमावलीको नियम १२ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) परामर्श सेवा र अन्य सेवाको लागत अनुमान अनुसुची-१क. को ढाँचामा तयार गर्नु पर्नेछ ।"

७. <u>मूल नियमावलीको नियम १४ मा संशोधनः</u> मूल नियमावलीको नियम १४ को,-

(१)उपनियम (१) को खण्ड (क), (ख), (ग) र (घ) को सट्टा देहायका खण्ड (क), (ख), (ग)र (घ) राखिएका छन्:-

"(क) एक करोड रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ख) पाँच करोड रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ग) दश करोड रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखबाट,

(घ) दश करोड रूपैयाँभन्दा बढी रकमको लागत अनुमान विभागीय प्रमुखबाट।"

(२) उपनियम (२) को खण्ड (क), (ख), (ग) र (घ) को सट्टा देहायका खण्ड (क), (ख), (ग) र (घ) राखिएका छन्:-

"(क) दशलाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ख) पच्चीसलाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ग) पचास लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखबाट, र

(घ) पचासलाख रूपैयाँभन्दा बढी रकमको लागत अनुमान विभागीय प्रमुखबाट।"

(३) उपनियम (३) मा रहेको "भएमा" भन्ने शब्द पछि" वा नियम ५क. बमोजिमको विवरण स्वीकृत गर्ने तथा उपनियम (१) र (२) बमोजिम लागत अनुमान स्वीकृत गर्ने एकै तहको अधिकार प्राप्त अधिकारी भएमा" भन्ने शब्दहरू थपिएका छन् ।

८. <u>मूल नियमावलीको नियम १६ मा संशोधन</u>: मूल नियमावलीको नियम १६ को सट्टा देहायको नियम १६ राखिएको छ:-

"१६. <u>खरिद महाशाखा, शाखा वा इकाईको काम</u>: (१) सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा आवश्यकता अनुसार छुट्टै खरिद महाशाखा, शाखा वा इकाईको स्थापना गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खरिद महाशाखा, शाखा वा इकाईको स्थापना गर्दा त्यस्ता महाशाखा, शाखा वा इकाईको प्रमुखको जिम्मेवारी वहन गर्ने गरी खरिद अधिकारी तोक्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(३) उपनियम (२) बमोजिमको खरिद अधिकारीले ऐनको दफा ७ को उपदफा (३) मा उल्लिखित कामको अतिरिक्त देहाय बमोजिमको कार्यसम्पादन गर्नु पर्नेछः-

(क) खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी अद्यावधिक राख्ने,

(ख) खरिद कारबाहीसँग सम्बन्धित काममा समन्वय गर्ने,

(ग) खरिद माग सङ्कलन गरी स्वीकृतिको लागि अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्ने,

(घ) बोलपत्र वा प्रस्ताव खोल्ने समितिको संयोजक भई कार्य गर्ने,

(ङ) नियम १४९ बमोजिम खरिद कारबाहीको अभिलेख राख्ने, र

(च) म्याद थप, कार्य सम्पादन जमानत र अनुसूची-२ बमोजिमको प्रतितपत्रको अभिलेख राख्ने ।"

९. <u>मूल नियमावलीको नियम १७ मा संशोधनः</u> मूल नियमावलीको नियम १७ मा रहेका "दश प्रतिशतसम्म" भन्ने शब्दहरूको सट्टा "पन्ध्र प्रतिशतसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

१०. <u>मूल नियमावलीको नियम १८ मा संशोधनः</u> मूल नियमावलीको नियम १८ को सट्टा देहायको नियम १८ राखिएको छः-

"१८. <u>मौजुदा सूची (स्टान्डिङ्ग लिष्ट) तयार गर्ने व्यवस्थाः</u> (१) ऐनको दफा ६क. बमोजिम मौजुदा सूचीमा दर्ता हुन वा

अद्यावधिक हुन चाहने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले देहायका कागजातको प्रतिलिपि संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अनुसूची-२क. बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र,

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,

(ग) कर चुक्ता प्रमाणपत्र, र

(घ) आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र ।

(२) सार्वजनिक निकायले उपनियम (१) बमोजिम प्राप्त भएको निवेदनमा आवश्यक जाँचबुझ गरी दर्ता गराई अनुसूची-२ख. बमोजिमको निस्सा निवेदकलाई दिनु पर्नेछ ।

(३) सार्वजनिक निकायले ऐनको दफा ६क. बमोजिमको छुट्टाछुट्टै मौजुदा सूचीको विवरण अनुसूची-२ग. बमोजिमको ढाँचामा अभिलेख राखी प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको मौजुदा सूचीको विवरण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला प्रशासन कार्यालयको सूचनापाटीमा टाँस गरी वा सम्बन्धित सार्वजनिक निकायको वेबसाइटमा राखी अर्धवार्षिक रूपमा सार्वजनिक गर्नु पर्नेछ।

(५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि मौजुदा सूचीमा नरहेका बोलपत्रदाता वा प्रस्तावदातालाई सार्वजनिक निकायबाट आह्वान भएको

सिलबन्दी दरभाउपत्र, बोलपत्र वा प्रस्तावमा भाग लिन वञ्चित गर्न पाइने छैन् ।"

११. **मूल नियमावलीको नियम १९ मा संशोधनः** मूल नियमावलीको नियम १९ को उपनियम (२) को खण्ड (क) मा रहेका "पाँच हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "बीस हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

१२. **मूल नियमावलीको नियम २० मा संशोधनः** मूल नियमावलीको नियम २० को उपनियम (२) पछि देहायका उपनियम (३)र (४) थपिएका छन्:-

"(३) उपनियम (१) बमोजिम खरिद सम्झौता छनौट गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको नमुना बोलपत्र सम्बन्धी कागजातमा रहेको खरिद सम्झौता अनुरूप छनौट गर्नु पर्नेछ ।

तर सार्वजनिक खरिद अनुगमन कार्यालयबाट नमुना बोलपत्र सम्बन्धी कागजात जारी नभई सकेको अवस्थामा सार्वजनिक निकायले आफूलाई आवश्यक परेको खरिद सम्झौता सहितको बोलपत्र सम्बन्धी कागजात तयार गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमतिबाट उपयोगमा ल्याउन सक्नेछ ।

(४) यस नियम बमोजिम एकपटक बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता छनौट गरी बोलपत्र आह्वान गरिसके पछि यस नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक त्यसरी छनौट भएको नमुनाखरिद सम्झौता परिवर्तन गर्न सकिने छैन।"

१३. **मूल नियमावलीको नियम २४ मा संशोधनः** मूल नियमावलीको नियम २४ को सट्टा देहायको नियम २४ राखिएको छः-

"२४. **शर्त राख्न सकिनेः** कुनै खरिद सम्झौताका सम्बन्धमा यस परिच्छेदमा उल्लिखित शर्तका अतिरिक्त बोलपत्रसम्बन्धी कागजात वा प्रस्तावसम्बन्धी कागजातमा अन्य कुनै थप शर्त राख्नु परेमा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्रसम्बन्धी कागजात वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावसम्बन्धी कागजातको खरिद सम्झौताका शर्तहरूमा सारभूत रूपमा फरक नपर्ने गरी थप शर्त राख्न सकिनेछ ।"

१४. <u>मूल नियमावलीको नियम २६ मा संशोधनः</u> मूल नियमावलीको नियम २६ को,-

(१) उपनियम (१) मा रहेका "साठी लाख रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दुई करोडरूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (३) को,-

(क) खण्ड (ग) मा रहेको "प्राविधिक" भन्ने शब्द पछि "जनशक्ति," भन्ने शब्द थपिएको छ ।

(ख) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) प्रस्तावित निर्माण कार्य सम्पन्न गर्न बोलपत्रदाताको ऐनको दफा १३ को उपदफा (२) को खण्ड (ढ४) बमोजिमको प्राविधिक क्षमता प्रमाणित गर्न सोही दफाको उपदफा (२) को खण्ड (ढ३) बमोजिमको विवरण ।"

(३) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई करोड रूपैयाँ सम्मको लागत अनुमान भएको विद्युतगृह, टर्वाइन, पुल, सुरुङमार्ग, रेलमार्ग, रज्जुमार्ग, केवलकारमार्ग, बहुतले भवन वा सडकमार्ग जस्ता जटिल वा विशेष प्रकृतिका संरचना लगायत सम्बन्धित सार्वजनिक निकायबाट तोकिएको अन्य संरचनाको निर्माण कार्यको लागि ऐनको दफा १० को उपदफा (५) बमोजिम योग्यता निर्धारण गर्नु पर्नेछ।"

१५. **मूल नियमावलीको नियम ३० मा संशोधनः** मूल नियमावलीको नियम ३० कोउपनियम (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) अधिकतम पच्चीस प्रतिशतसम्म सव-कन्ट्राक्टरबाट कार्य गराउन सकिने कुरा र सोको कार्य प्रकृतिको विवरण,"

१६. **मूल नियमावलीको नियम ३१ मा संशोधनः** मूल नियमावलीको नियम ३१ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) सार्वजनिक निकायले बीसलाख रूपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्नेछ ।"

१७. **मूल नियमावलीमा नियम ३१क., ३१ख., ३१ग., ३१घ., ३१ङ.३१च.र ३१छ. थपः** मूल नियमावलीको नियम ३१ पछि देहायका ३१क., ३१ख., ३१ग., ३१घ., ३१ङ., ३१च.र ३१छ. थपिएका छन्ः-

"३१क. **एकमुष्ट दर विधिबाट गरिने खरिदको कार्यविधिः** (१) सार्वजनिक निकायले कुनै योग्यता आवश्यक नपर्ने प्रकृतिको दुई करोड रूपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नु पर्दा लागत अनुमान सार्वजनिक गरी राष्ट्रियस्तरको बोलपत्रको माध्यमद्वारा एकमुष्ट दर विधिको आधारमा प्रतिस्पर्धा गराई खरिद गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा कूल लागत अनुमानमा निश्चित प्रतिशत घटी वा बढी प्रतिशतमा काम गर्ने एकमुष्ट दर कबोल गरी बोलपत्र पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको विधि बहुवर्षीय सम्झौता गर्नु पर्ने खरिद कारबाहीमा प्रयोग गर्न सकिने छैन ।



788

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

३१ख. उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिवाट गरिने खरिदको कार्यविधिः (१) सार्वजनिक निकायले हेभी इक्विपमेन्ट, सवारी साधन, औजार, मेशिनरी, उपकरण, एक्सरे वा एमआरआई जस्तास्वास्थ्य सेवाको लागिआवश्यक पर्ने उपचारजन्य यन्त्र वा यस्तै अन्य यान्त्रिक मालसामानहरू त्यस्तो समान स्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेतालाई कम्तीमा सात दिनदेखि बढीमा पन्ध्र दिनसम्मको लिखित सूचना दिई प्रतिस्पर्धा गराई खरिद गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि त्यस्तो मालसामान बिक्री गर्न चाहने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताले उत्पादनको आधिकारिक स्पेशिफिकेशन,गुणस्तर,मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी त्यस्तो सार्वजनिक निकायमा निवेदन दर्ता गराउनु पर्नेछ ।

तर यसरी निवेदन दर्ता गर्दा बोलपत्र जमानत आवश्यक पर्ने छैन ।

(३) उपनियम (२) बमोजिम दर्ता भएका उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताले पेश गरेको स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) हेरी समान स्पेशिफिकेशन र गुणस्तर भएका उत्पादनहरूको उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताको सूची तयार गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचीको आधारमा खरिद गरिने मालसामानको परिमाण खोली उत्पादक वा अधिकृत बिक्रेताबाट तोकिएको मूल्य र

सुविधा मध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रस्ताव प्राप्त भएपछि मूल्यमा पाइने छुट र सुविधामा हुने थप समेतको आधारमा यस नियमावली बमोजिम मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत प्रभावग्राही प्रस्तावदाताको छनौट गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम छनौट भएको प्रस्तावदातासँग नियम ११० बमोजिम कार्यसम्पादन जमानत लिई खरिद सम्झौता गर्नु पर्नेछ ।

(७) उपनियम (१) बमोजिमको विधि बहुवर्षीय सम्झौता गर्नु पर्ने खरिद कारबाहीमा प्रयोग गर्न सकिने छैन ।

३१ग. <u>सीमित बोलपत्र (लिमिटेड टेण्डरिङ्ग) विधिवाट गरिने खरिदको कार्यविधिः</u> (१) सार्वजनिक निकायले सीमित मात्रामा उपलव्ध भएको वा हुने कुनै मालसामान, निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा खरिद गर्नु परेमा त्यस्तो प्रकृतिको आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकहरू तीन वा सोभन्दा कम सङ्ख्यामा उपलब्ध भएको अवस्था यकिन गरी त्यस्ता आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकहरू बीच मात्र प्रतिष्पर्धा हुने गरी पन्ध्र दिनको बोलपत्र आह्वानको सूचनाको माध्यमद्वारा बोलपत्र वा प्रस्ताव माग गरी खरिद गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको विधि बहुवर्षीय सम्झौता गर्नु पर्ने खरिद कारबाहीमा प्रयोग गर्न सकिने छैन ।

(३) सार्वजनिक निकायले सीमित बोलपत्र विधिको माध्यमबाट खरिद गर्नु पर्दा एक तह माथिको अधिकारीको पूर्वस्वीकृति लिनु पर्नेछ ।

३१घ. नयाँ लिने पुरानो दिने (बाई ब्याक मेथड) विधिबाट गरिने खरिदको कार्यविधिः (१) सार्वजनिक निकायले आफनो स्वामित्वमा रहेको कुनै सवारी साधन, औजार, मेशिनरी उपकरण, यन्त्र, रसायन, मल, विषादि वा यस्तै प्रकृतिका अन्य मालसामानहरूको उत्पादक कम्पनीले तोकेको वारेन्टी वा ग्यारेन्टीको समयसीमा अवधि पूरा भएपछि मर्मतसम्भार गरी सञ्चालनमा ल्याउँदा लागत प्रभावकारी नहुने र त्यस्तो उत्पादक कम्पनीले तोकेको मापदण्ड अनुरूपको परिणाम नदिने वा पुनःप्रयोग गर्न नमिल्ने वा औचित्यहीन हुने र त्यस्ता मालसामान जनस्वास्थ्य वा वातावरणीय दृष्टिले भण्डारण गरी राख्न वा लिलाम गर्न समेत उपयुक्त नहुने अवस्था भएमा त्यस्तो अवस्थाको यकिन गरी पुरानो मालसामान सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेता वा आपूर्तिकर्तालाई फिर्ता दिई सोही प्रकृतिको नयाँ मालसामान सोही उत्पादक वा आधिकारिक बिक्रेता वा आपूर्तिकर्ताबाट सट्टापट्टा गरी लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सट्टापट्टा गर्दा त्यस्तो मालसामानको उत्पादक वा आधिकारिक बिक्रेता वा आपूर्तिकर्तासँग पुरानो मालसामानको मूल्याङ्कन प्रस्ताव लिई नयाँ मालसामानको निर्धारित बिक्री मूल्यमा पुरानो मालसामानको मूल्याङ्कित रकम कट्टा गरी खरिद सम्झौता गरी खरिद गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम खरिद गरिने नयाँ मालसामान मान्यता प्राप्त संस्थाबाट गुणस्तर प्रमाणित भएको हुनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(४) उपनियम (२) बमोजिम खरिद सम्झौता गर्दा खरिद हुने नयाँ मालसामानको जीवन चक्र पश्चात यस विधि प्रयोग गरी पुनः सट्टापट्टा गर्न सकिने वा नसकिने कुरा खुलाउनु पर्नेछ।

(५) सार्वजनिक निकायले उपनियम (१) बमोजिम खरिद गर्दा पुरानो मालसामान र बजारमा उपलब्ध नयाँ मालसामानको सूची तयार गरी विभागीय प्रमुखबाट स्वीकृति लिएर मात्र खरिद गर्नु पर्नेछ ।

(६) उपनियम (१) बमोजिमको विधि बहुवर्षीय सम्झौता गर्नु पर्ने खरिद कारबाहीमा प्रयोग गर्न सकिने छैन ।

३१ङ. <u>स्वदेशी बोलपत्रदाताहरू बीच मात्र प्रतिस्पर्धा गराई खरिद गरिने</u>: (१) ऐनको दफा ११ को उपदफा (२) बमोजिम एक चरणको खुला बोलपत्र आह्वान गर्दा दुई करोड रूपैयाँभन्दा बढी र एक अरब रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्यको खरिदमा ऐनको दफा १५ को अवस्थामा बाहेक राष्ट्रियस्तरको खुला बोलपत्रको माध्यमद्वारा स्वदेशी बोलपत्रदाताहरू बीच मात्र प्रतिस्पर्धा गराई खरिद गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खरिद गर्नु पर्दा प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो स्पष्ट रूपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै बाहिरी खाममा सिलबन्दी गरी बोलपत्र पेश गर्नु पर्ने व्यहोरा बोलपत्र आह्वानको सूचना र बोलपत्र सम्बन्धी कागजातमा खुलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिक प्रस्तावको लागि नियम २५, २६, २८ र २९ बमोजिमको प्राविधिक तथा आर्थिक



792

र वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्राविधिक प्रस्ताव ऐनको दफा ३२ बमोजिमको प्रक्रियाबाट खोली दफा २३ र नियम ५९, ६०, ६२ र ६३ बमोजिम परीक्षण गरी सारभूत रूपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमका योग्यताको सबै आधारमा सफल हुने बोलपत्र सारभूत रूपमा प्रभावग्राही बोलपत्र मानिनेछ र त्यस्तो सफल सबै बोलपत्रदाताहरूलाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन कम्तीमा सात दिनको अवधि दिई सूचना गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा योग्यताको आधारमा असफल हुने सबै बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव सम्बन्धित बोलपत्रदाताहरूलाई फिर्ता गर्नु पर्नेछ।

(७) उपनियम (४) बमोजिम सफल बोलपत्रदाताहरूको नियम ७९ बमोजिमको प्रक्रियाबाट आर्थिक प्रस्ताव खोली ऐनको दफा २५ र नियमावलीको नियम ६१,६४,६५ बमोजिम आर्थिक तथा विशेष मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको छनौट गर्नु पर्नेछ ।

३१च. <u>संयुक्त उपक्रमबाट सहभागी हुनु पर्ने</u>:(१) ऐनको दफा १५ बमोजिम आह्वान गरिएको एक अर्ब रूपैयाँ भन्दा माथि पाँच अर्ब रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य सम्बन्धी अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा सहभागी हुन चाहने विदेशी फर्म, संस्था वा कम्पनीले

स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खरिद कारबाहीमा नियम ३१ङ. को व्यवस्था लागू हुनेछ ।

३१छ. <u>निर्माण कार्यको आर्थिक प्रस्ताव माग गरी खरिद गर्ने कार्यविधिः</u> (१) ऐनको दफा ५९ को उपदफा (७) बमोजिम खरिद सम्झौता अन्त्य भई सोही दफाको उपदफा (९) बमोजिम त्यस्तो निर्माण कार्य खरिद गर्नु पर्दा ऐनको दफा २५ बमोजिम छनौट भएका बोलपत्रदाताहरूलाई पन्ध्र दिनको म्याद दिई आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिमको म्याद दिई खरिद गर्नु पर्दा सिलबन्दी आर्थिक प्रस्ताव मात्र पेश गर्नु पर्ने व्यहोरा खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम खरिद गर्ने प्रयोजनको लगि बोलपत्र सम्बन्धी कागजात तयार गर्दा खरिद सम्झौता अन्त्य हुंदाको समयसम्म डिजाइन वा लागत अनुमान अनुरूप सम्पन्न भइसकेको कार्यहरू कट्टा गरी बाँकी कामको लागि आवश्यकता अनुसारको डिजाइन वा लागत अनुमान परिमार्जन गराई नियम ५क. बमोजिम स्वीकृत भएको हुनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको आर्थिक प्रस्ताव नियम ७९ बमोजिमको प्रक्रियाबाट खोली ऐनको दफा २५ र नियम ६१,६४र६५ बमोजिम आर्थिक तथा विशेष मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको छनौट गर्नु पर्नेछ ।"

१८. <u>मूल नियमावलीको नियम ३४ मा संशोधनः</u> मूल नियमावलीको नियम ३४ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) सार्वजनिक निकायले पूर्वयोग्यता सम्बन्धी कागजात तयार गर्न लागेको खर्चको आधारमा इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट देहाय बमोजिमको दस्तुर लिई पूर्वयोग्यता सम्बन्धी कागजात उपलब्ध गराउनु पर्नेछः-

(क) दुई करोड रूपैयाँभन्दा माथि दश करोड रूपैयाँसम्मको लागि पाँच हजार रूपैयाँ,

(ख) दश करोडरूपैयाँभन्दा माथि पच्चीस करोड रूपैयाँसम्मको लागि दश हजार रूपैयाँ,

(ग) पच्चीस करोड रूपैयाँभन्दा माथि जतिसुकै रकमका लागि पन्ध्र हजार रूपैयाँ ।"

१९. <u>मूल नियमावलीको नियम ३७ मा संशोधनः</u> मूल नियमावलीको नियम ३७ को खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छः-

"(ञ) सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका अन्य कुराहरू ।"

२०. <u>मूल नियमावलीको नियम ३८ मा संशोधनः</u>मूल नियमावलीको नियम ३८ को उपनियम (१) मा रहेका "खण्ड (ज)" भन्ने शब्दहरूपछि "र दफा १४ को उपदफा (८)" भन्ने शब्दहरू थपिएका छन्।

२१. <u>मूल नियमावलीको नियम ४० मा संशोधनः</u> मूल नियमावलीको नियम ४० कोउपनियम (२) को,-

(१) खण्ड (ख) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः-

"<u>स्पष्टीकरणः</u> यस खण्डको प्रयोजनको लागि "व्यवसाय दर्ताको इजाजतपत्र" भन्नाले कुनै व्यवसायीले आफ्नो व्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम प्रमाणपत्र वा इजाजतपत्र लिनु पर्ने भए सो बमोजिम प्राप्त गरेको प्रमाणपत्र वा इजाजतपत्र सम्झनु पर्छ।"

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) सार्वजनिक निकायले तोकेको अवधिसम्मको सम्बन्धित निकायबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण ।"

२२. <u>मूल नियमावलीको नियम ४५ मा संशोधनः</u> मूल नियमावलीको नियम ४५ को,-

(१) खण्ड (छ) मा रहेका "स्थान, र" भन्ने शब्दहरूको सट्टा "स्थान," भन्ने शब्द राखिएको छ।

(२) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) ऐनको दफा १३ को उपदफा (२) को खण्ड (ढ३) बमोजिमको विवरण,"

(३) खण्ड (ज) पछि देहायका खण्ड (झ) र (ञ) थपिएका छन्:-

"(झ) बोलपत्रसाथ पेश गरिएका कागजातको वैधताको विषयमा सम्बन्धित बोलपत्रदाता जिम्मेवार हुने विषय, र

(ञ) सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात ।"

२३. <u>मूल नियमावलीको नियम ४६ मा संशोधनः</u> मूल नियमावलीको नियम ४६ कोखण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) ऐनको दफा १३ को उपदफा (२) को खण्ड (ढ४) बमोजिम प्राविधिक क्षमता गणना नहुने कुरा,"

२४. <u>मूल नियमावलीको नियम ४७ मा संशोधनः</u> मूल नियमावलीको नियम ४७ मा रहेका "त्यस्तो कागजात" भन्ने शब्दहरू पछि "बोलपत्र आह्वान अगावै"भन्ने शब्दहरू थपिएका छन् ।

२५. <u>मूल नियमावलीको नियम ४८ मा संशोधनः</u> मूल नियमावलीको नियम ४८ को उपनियम (१) को खण्ड (क),(ख),(ग), (घ) र (ङ) को सट्टा देहायका खण्ड (क), (ख), (ग) र (घ) राखिएकाछन्:-

"(क) बीस लाख रूपैयाँभन्दा माथि दुई करोड रूपैयाँसम्मको लागि तीन हजार रूपैयाँ,

(ख) दुई करोड रूपैयाँभन्दा माथि दश करोड रूपैयाँसम्मको लागि पाँच हजार रूपैयाँ,

(ग) दश करोड रूपैयाँभन्दा माथि पच्चीस करोड रूपैयाँसम्मको लागि दश हजार रूपैयाँ,

(घ) पच्चीस करोड रूपैयाँभन्दा माथि जतिसुकै रकमका लागि बीस हजार रूपैयाँ"

२६. <u>मूल नियमावलीको नियम ४९ मा संशोधनः</u> मूल नियमावलीको नियम ४९ मा रहेका "साठी लाख रूपैयाँसम्मको" भन्ने शब्दहरूको सट्टा "दुई करोड रूपैयाँसम्मको लागत अनुमान भएको"भन्ने शब्दहरू राखिएका छन् ।

२७. <u>मूल नियमावलीमा नियम ४९क.थप</u>: मूल नियमावलीको नियम ४९ पछि देहायको नियम ४९क.थपिएको छ :-

"४९क. <u>बोलपत्र आह्वानको सूचनामा खुलाउनु पर्ने कुराः</u> सार्वजनिक निकायले ऐनको दफा १४ मा उल्लिखितकुराका अतिरिक्त बोलपत्र आह्वानको सूचनामा देहाय बमोजिमका थप कुरा समेत खुलाउनु पर्नेछः-

(क) राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरको बोलपत्रको जानकारी,

(ख) पूर्वयोग्यता, योग्यतासहित वा योग्यतारहित बोलपत्रको जानकारी,

(ग) बोलपत्र आह्वान गरिएको खरिद विधिको जानकारी,

(घ) विद्युतीय बोलपत्र दाखिला गर्ने तरिकाको जानकारी,

(ङ) नियम ३१क. को उपनियम (१) बमोजिम लागत अनुमानको रकम,

(च) नियम ३१ग. बमोजिमको सीमित बोलपत्र भए त्यस्तो सीमित बोलपत्रदातालाई दिनुपर्ने सूचना,

(छ) ऐनको दफा १४ को उपदफा (८) बमोजिमको बोलपत्र भए स्वदेशी बोलपत्रदाताले मात्र भाग लिन पाउने कुरा,

(ज) ऐनको दफा १४ को उपदफा (११) बमोजिमको बोलपत्र भए स्वदेशी निर्माण व्यवसायीसँगको संयुक्त उपक्रमले प्राथमिकता पाउने कुरा,

(झ) ऐन बमोजिम कालो सूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले नयाँ फर्म, कम्पनी वा संस्था खोली कारोबार गरेको भए त्यस्तो व्यक्ति, फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न नसक्ने कुरा,

(ञ) सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कुरा ।"

२८. <u>मूल नियमावलीको नियम ५२ मा संशोधनः</u> मूल नियमावलीको नियम ५२ को उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर ऐनको दफा १४ को उपदफा (४क) र (४ख) बमोजिम पुनःबोलपत्र आह्वानको सूचना गरिएको अवस्थामा बोलपत्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणीत गरिएपछि मात्र लागु हुनेछ।

पेश गर्नु पूर्वको बैठक सञ्चालन भई नसकेको भए बोलपत्रदातालाई पुनःबोलपत्र सम्बन्धी कुराहरूको थप जानकारी दिन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पाँच दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन अगावै त्यस्तो बैठकको आयोजना गर्न सकिनेछ ।"

२९. <u>मूल नियमावलीको नियम ५३ मा संशोधनः</u> मूल नियमावलीको नियम ५३ को उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर लागत अनुमान रकम नखुल्ने वा इकाई दर मात्र खुल्ने गरी बोलपत्र आह्वान गरिएको अवस्थामा सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजात वा पूर्व योग्यतासम्बन्धी कागजात र बोलपत्र आह्वानको सूचनामा बोलपत्र जमानतको लागि एकमुष्ट रकम तोक्न सक्नेछ ।"

३०. <u>मूल नियमावलीको नियम ५४क. मा संशोधनः</u> मूल नियमावलीको नियम ५४क. को सट्टा देहायको नियम ५४क. राखिएको छः-

"५४क. <u>बोलपत्र वा प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना दिने अवधि</u> : सार्वजनिक निकायले बोलपत्र वा प्रस्ताव खोलेको मितिले बोलपत्र मान्य अवधिभित्र बोलपत्र वा प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना बोलपत्रदाता वा प्रस्तावदातालाई दिनु पर्नेछ।"

३१. <u>मूल नियमावलीको नियम ५५ मा संशोधनः</u> मूल नियमावलीको नियम ५५ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर माग गरिए बमोजिमको बोलपत्र वा प्रस्तावको प्रति पेश नगरेको कारणबाट कुनै बोलपत्रदाता वा प्रस्तावदातालाई प्रतिस्पर्धाबाट वञ्चित गर्न पाइने छैन ।"

३२. <u>मूल नियमावलीको नियम ५८ मा संशोधनः</u> मूल नियमावलीको नियम ५८ को सट्टा देहायको नियम ५८ राखिएको छः–

"५८. <u>बोलपत्र फिर्ता वा संशोधनः</u> (१) विद्युतीय बोलपत्र वा प्रस्तावको हकमा त्यस्तो बोलपत्र वा प्रस्ताव पेश गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

अन्तिम समयावधिसम्म विद्युतीय सञ्चार माध्यमबाट फिर्ता वा संशोधन गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिमको विद्युतीय बोलपत्र वा प्रस्ताव बाहेक अन्य तरिकाबाट बोलपत्र वा प्रस्ताव पेश गर्ने बोलपत्रदाता वा प्रस्तावदाताले आफूले पेश गरेको बोलपत्र वा प्रस्ताव फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र वा प्रस्ताव पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनु भन्दा चौबीस घण्टा अगावै सिलबन्दी निवेदनको खामको बाहिरी भागमा देहाय बमोजिमका कुरा उल्लेख गरी बोलपत्र वा प्रस्ताव फिर्ता वा संशोधनको लागि निवेदन दिनु पर्नेछः-

(क) बोलपत्र वा प्रस्तावको विषय,

(ख) बोलपत्र वा प्रस्ताव आह्वान गर्ने सार्वजनिक निकाय वा अधिकारीको नाम र ठेगाना,

(ग) बोलपत्र वा प्रस्ताव संशोधन गरिएको वा फिर्ता माग गरिएको विषय, र

(घ) बोलपत्र वा प्रस्ताव खोल्ने दिन र समयमा मात्र खोल्नु पर्ने ।

(३) उपनियम (२) बमोजिमको निवेदन एक पटक भन्दा बढी दिन पाइनेछैन ।

(४) उपनियम (२) बमोजिमको निवेदन तथा एक पटक संशोधन भइसकेको बोलपत्र वा प्रस्ताव फिर्ता लिन सकिने छैन ।

(५) बोलपत्र वा प्रस्तावदाताले आफूले पेश गरेको बोलपत्र वा प्रस्ताव फिर्ता लिन वा संशोधन गर्नु

मुद्रण विभाग, सिंहदरबार

पर्दा बोलपत्र वा प्रस्ताव पेश गर्दा जुन माध्यमबाट बोलपत्र वा प्रस्ताव पेश गरेको हो सोही माध्यमबाट मात्र फिर्ता वा संशोधन गर्न सक्नेछ र फरक माध्यमबाट पेश गरेको निवेदन उपर कारबाही हुने छैन ।

(६) उपनियम (२) बमोजिमको सिलबन्दी निवेदन खाम प्राप्त हुन आएमा सम्बन्धित सार्वजनिक निकायले त्यस्ता खाम नियम ५७ बमोजिम सुरक्षित राख्नु पर्नेछ ।"

३३. मूल नियमावलीको नियम ५९ मा संशोधनः मूल नियमावलीको नियम ५९ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) सार्वजनिक निकायको प्रमुखले सार्वजनिक निकायमा दर्ता भएका बोलपत्र वा प्रस्ताव नियम १६ बमोजिमको खरिद अधिकारीको संयोजकत्वमा बोलपत्र वा प्रस्ताव खोल्न कम्तीमा दुई जना सदस्य रहने समिति गठन गरी बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा पूर्वनिर्धारित समयमा बोलपत्र वा प्रस्ताव खोल्न लगाउनु पर्नेछ ।

तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र वा प्रस्ताव खोल्न बाधा पर्ने छैन ।"

(२) उपनियम (४) को खण्ड (ख), (छ) र (झ) को सट्टा देहायका खण्ड (ख), (छ) र (झ) राखिएका छन्ः-

"(ख) बोलपत्रको कबोल अङ्क,

(छ) बोलपत्र फाराम (लेटर अफ बिड) र मूल्य सूची (प्राइस सेड्युल) मा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए वा नभएको,

(झ) केरमेट भएको वा सच्याइएको स्थानमा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए वा नभएको"

(३) उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छः-

"(६) उपनियम (१) बमोजिम बोलपत्र वा प्रस्ताव खोल्दा नियम ३१ङ.र ३१च. बमोजिमको बोलपत्र वा प्रस्ताव भए ऐनको दफा ३२ बमोजिमको प्रक्रियाबाट बोलपत्र वा प्रस्तावको बाहिरी खाम खोली आर्थिक प्रस्तावलाई नखोलीछुटयाई नियम ५७ बमोजिम सुरक्षित राख्नु पर्नेछ ।"

३४. मूल नियमावलीको नियम ६५मा संशोधन : मूल नियमावलीको नियम ६५ को उपनियम (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएकोछः-

"(घ) बोलपत्रदाताले पेश गरेको ऐनको दफा १३ को उपदफा (२) को खण्ड (ढ३) बमोजिमको विवरण अनुरूप सो निर्माण कार्य सम्पन्न गर्न सक्ने निजको प्राविधिक क्षमता भए वानभएको ।"

३५. मूल नियमावलीको नियम ६६ मा संशोधनः मूल नियमावलीको नियम ६६ मा रहेका "कार्य शुरु गरेको मितिले पन्ध्र दिनभित्रमा" भन्ने शब्दहरूको सट्टा "सार्वजनिक निकायको प्रमुखले नियम ५४क. को अधीनमा रही तोकेको अवधिभित्र" भन्ने शब्दहरू राखिएका छन्।

३६. मूल नियमावलीको नियम ६७ मा संशोधनः मूल नियमावलीको नियम ६७ को उपनियम (१) को खण्ड (क), (ख), (ग) र (घ) को सट्टा देहायका खण्ड (क), (ख), (ग) र (घ) राखिएका छन्:-

"(क) तीन करोड रूपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) सात करोड रूपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

(ग) पन्ध्र करोड रूपैयाँसम्मको राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख,

(घ) पन्ध्र करोड रूपैयाँभन्दा बढीको विभागीय प्रमुख ।"

३७. <u>मूल नियमावलीको नियम ७० मा संशोधनः</u> मूल नियमावलीको नियम ७० को,-

(१) उपनियम (१) मा रहेका "दश लाख" भन्ने शब्दहरूको सट्टा "बीस लाख"भन्ने शब्दहरू राखिएकाछन् ।

(२) उपनियम (२) मा रहेका "तीन करोड" भन्ने शब्दहरूको सट्टा "दश करोड"भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपनियम (२) पछि देहायको उपनियम (२क)थपिएको छः-

"(२क) ऐनको दफा १५ को अवस्थामा बाहेक बीसलाख रूपैयाँ भन्दा बढी दश करोड रूपैयाँसम्म लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नु परेमा राष्ट्रियस्तरको आशयपत्रदाताबीच मात्र प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नु पर्नेछ।"

(४) उपनियम (३) को,-

(क) खण्ड (ङ) को उपखण्ड (३) मा रहेका "पाँच वर्षमा"भन्ने शब्दहरूको सट्टा "सात वर्षमा" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (च) मा रहेका "तीन वर्षमा" भन्ने शब्दहरूको सट्टा "चार वर्षमा" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः-

"(५) यस नियम बमोजिम पर्न आएका आसयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्याङ्कन गरी सार्वजनिक निकायले आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता मूल्याङ्कन गर्ने आधार समेत



803

यकिन गरी त्यस्तो परामर्श सेवा दिन सक्ने आसयपत्रदाताको छनौट गर्नु पर्नेछ ।

तर स्वीकृत मूल्याङ्कनका आधारहरू आशयपत्र दाखिला भई सकेपछि परिवर्तन गरी मूल्याङ्कन गर्न सकिनेछैन ।"

(६) उपनियम (६) मा रहेका "एजेन्ट रहेको" भन्ने शब्दहरू झिकिएका छन्।

(७) उपनियम (१०) पछि देहायका उपनियम (११), (१२), (१३) र (१४) थपिएका छन्:-

"(११) उपनियम (२) बमोजिम परामर्श सेवाको खरिदको हकमा विदेशी आशयपत्रदाताले स्वदेशी परामर्शदाता व्यक्ति, फर्म वा कम्पनीसँग संयुक्त उपक्रम गरेमा त्यस्तो विदेशी आशयपत्रदातालाई प्राथमिकता दिन सकिनेछ ।

तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन ।

(१२) उपनियम (५) बमोजिम क्षमताको मूल्याङ्कन गर्दा परामर्श सेवाको कूल लागत अनुमानको एक सय पचास प्रतिशतमा नबढ्ने गरी हुने कारोबार रकम (टर्नओभर) को आधार लिनु पर्नेछ ।

(१३) उपनियम (५) बमोजिम आशयपत्रदाताको छनौट गर्दा नियम ५४क. बमोजिमको अवधि भित्र कार्यसम्पन्न हुने गरी छनौट गर्नु पर्नेछ ।

(१४) यस नियम बमोजिम आशयपत्रदाता छनौट गर्दा कुनै आशयपत्रदाताले आफूले प्राप्त गरेको अङ्क र छनौटमा पर्न नसकेको कारण सार्वजनिक निकायसँग माग गरेमा पाँच दिनभित्र निजले प्राप्त गरेको अङ्क र छनौट हुन नसकेको कारण आशयपत्रदातालाई दिनु पर्नेछ ।"



804

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

३८. मूल नियमावलीको नियम ७१ मा संशोधनः मूल नियमावलीको नियम ७१ को,-

(१) उपनियम (१) मा रहेका "मार्फत पठाई" भन्ने शब्दहरूको सट्टा "वा विद्युतीय सञ्चार माध्यममार्फत पठाई बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको खरिदका लागि कम्तीमा पन्ध्र दिन र सो भन्दा बढी लागत अनुमान भएको खरिदका लागि" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (६) को,-

(क) खण्ड (क) मा रहेका "दश प्रतिशतसम्म"भन्ने शब्दहरूको सट्टा "पच्चीस प्रतिशतसम्म"भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "बीस देखि पचास प्रतिशतसम्म" भन्ने शब्दहरूको सट्टा "बीस देखिपैंतीस प्रतिशतसम्म" भन्ने शब्दहरू राखिएकाछन्।

(३) उपनियम (९) पछि देहायका उपनियम (१०)र (११) थपिएका छन्:-

"(१०) परामर्श सेवाको खरिदको प्रस्ताव सम्बन्धी कागजातमा परामर्शदाता छनौट गर्ने अङ्कभार उल्लेख गर्दा कुनै परामर्शदाता व्यक्ति, फर्म वा कम्पनीसँग भइरहेका काम (वर्क इन ह्याण्ड) को जनशक्ति सोही हदसम्म पछिल्लो प्रस्तावको मूल्याङ्कनको समयमा गणना नहुने कुरा उल्लेख गर्नु पर्नेछ ।

(११) यस नियम बमोजिम प्रस्ताव मूल्याङ्कन गर्दा उपनियम (८) बमोजिम गरिएको विभाजन र सो वापतको अङ्कभारको आधारमा मात्र मूल्याङ्कन गर्नु पर्नेछ ।"

३९. मूल नियमावलीको नियम ७२ मा संशोधनः मूल नियमावलीको नियम ७२ को उपनियम (१) मा रहेका "आफ्नो कार्यालयमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

तयार गरिएको"भन्ने शब्हरूको सट्टा "ऐनको दफा ६क. बमोजिमको"भन्ने शब्दहरू राखिएका छन् ।

४०. **मूल नियमावलीको नियम ७६ मा संशोधनः** मूल नियमावलीको नियम ७६ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) मूल्याङ्कन समितिले प्राविधिक प्रस्तावको मूल्याङ्कनगर्नको लागि सहयोग पुऱ्याउन सम्बन्धित विज्ञहरू सहितको तीन सदस्यीय उपसमिति गठन गर्न सक्नेछ ।"

४१. **मूल नियमावलीको नियम ७८ मा संशोधनः** मूल नियमावलीको नियम ७८ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) यस नियमावली बमोजिम प्रस्तावदाता छनौट गर्दा कुनै प्रस्तावदाताले आफूले प्राप्त गरेको अङ्क र छनौटमा पर्न नसकेको कारण सार्वजनिक निकायसँग माग गरेमा पाँच दिनभित्र निजले प्राप्त गरेकोअङ्क र छनौट हुन नसकेको कारण प्रस्तावदातालाई दिनु पर्नेछ ।"

४२. **मूल नियमावलीको नियम ८१ मा संशोधनः** मूल नियमावलीकोनियम ८१ को,-

(१) उपनियम (५) मा रहेका "सार्वजनिक निकायले" भन्ने शब्दहरू पछि "प्रस्ताव छनौट भएको सात दिनभित्र" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (५) पछि देहायका उपनियम (६), (७) र (८) थपिएका छन्:-

"(६) उपनियम (५) बमोजिम प्रस्तावदातालाई वार्ताको लागि बोलाउँदा राष्ट्रिय स्तरको प्रस्ताव भए सात दिन र अन्तर्राष्ट्रिय स्तरको प्रस्ताव भए पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(७) ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको

कूल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) पेश गर्नु पर्नेछ ।

(८) यस नियमावली बमोजिम सम्झौता गर्ने परामर्शदाताले उपनियम (७) बमोजिमको म्यादभित्र पेशागत दायित्व बीमा दाखिला नगरेमा सार्वजनिक निकायले त्यस्तो खरिद सम्झौताको अन्त्य गरी निजलाई कालो सूचीमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ ।"

४३. <u>मूल नियमावलीको नियम ८१क. मा संशोधन</u>: मूल नियमावलीको नियम ८१क. को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) देहायको परामर्श सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :-

(क) दश लाख रूपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) पचास लाख रूपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

(ग) तीन करोड रूपैयाँसम्मको राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख,

(घ) तीन करोड रूपैयाँभन्दा बढीको विभागीय प्रमुख ।"

४४. <u>मूल नियमावलीको नियम ८२ मा संशोधन</u>: मूल नियमावलीको नियम ८२ मा रहेका "एक लाख" भन्ने शब्दहरूको सट्टा "पाँच लाख" भन्ने शब्दहरू राखी सोही नियममा रहेका "स्वीकृति लिई" भन्ने शब्दहरूपछि "ऐनको दफा ३७ को प्रतिकूल नहुने गरी" भन्ने शब्दहरू थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५. <u>मूल नियमावलीको नियम ८३ मा संशोधनः</u> मूल नियमावलीको नियम ८३मा रहेका "परामर्शदातालाई" भन्ने शब्दहरू पछि "विशेषज्ञता र" भन्ने शब्दहरूथपिएका छन् ।

४६. <u>मूल नियमावलीको नियम ८४ मा संशोधनः</u> मूल नियमावलीको नियम ८४ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्नेछ ।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पचास लाख रूपैयाँसम्मको एक्सरे, इसिजी, औषधिजन्य मालसामान, रोगको निदान तथा उपचारको लागि प्रयोग हुने स्वास्थ्य सम्बन्धी उपकरणहरू खरिद गर्दा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सकिनेछ।"

(३) उपनियम (४) मा रहेका "तीन सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (१२) को सट्टा देहायको उपनियम (१२) राखिएकोछ :-

"(१२) उपनियम (११) बमोजिमको सूचना प्राप्त गर्ने सिलवन्दी दरभाउपत्रदाताले सो सूचना पाएको मितिले सात दिनभित्र नियम ११० बमोजिमको कार्य सम्पादन जमानत पेश गरी खरिद सम्झौता गर्नु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४७. <u>मूल नियमावलीको नियम ८५ मा संशोधनः</u> मूल नियमावलीको नियम ८५ को,-

(१) उपनियम (१) को खण्ड (क) को सट्टा देहायका खण्ड (क) राखिएको छः-

"(क) पाँच लाख रूपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा,

(२) उपनियम (१) को खण्ड (ख) झिकिएको छ ।

(३) उपनियम (१क) को सट्टा देहायको उपनियम (१क) राखिएको छः-

"(१क) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीस लाख रूपैयाँसम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित पन्ध्र लाख रूपैयाँसम्मको मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिनेछ । यसरी सोझै खरिद गर्दा उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान खरिद गर्नु पर्नेछ ।

तर कुनै औषधिजन्य मालसामान उत्पादन गर्ने विश्व स्वास्थ्य सङ्गठनबाट पूर्वयोग्यता प्राप्त एकमात्र औषधि उत्पादक कम्पनी भएकोमा त्यस्तो उत्पादकबाट खरिद गर्नु पर्दासोझैवार्ता गरी जतिसुकै रूपैयाँसम्मको भए पनित्यस्तो औषधिजन्य मालसामान खरिद गर्नसकिनेछ ।"

(४) उपनियम (१ख) पछि देहायको उपनियम(१ग) र (१घ) थपिएका छन् :-

"(१ग)यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको निमन्त्रणामा नेपाल भ्रमणमा रहेका विदेशी मुलुकको सरकार वा अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थाको अति विशिष्ट वा





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

विशिष्ट व्यक्तिलाई आतिथ्यता र होटलबास सुविधाको लागि पचासलाख रूपैयाँसम्म सोझै खरिद गर्न सकिनेछ ।

(१घ) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेश स्थित नेपाली राजदूतावास वा नियोग रहेको भवन वा अपार्टमेन्टको मर्मत गर्नु पर्दा पच्चीस हजार अमेरिकी डलरसम्म सोझै खरिद गर्न सकिनेछ ।"

(५)उपनियम (३)मा रहेका "प्रोप्राइटरी मालसामान" भन्ने शब्दहरू पछि "वा औषधिजन्य मालसामान" भन्ने शब्दहरूथपिएका छन्।

(६) उपनियम (३ग) पछि देहायको उपनियम (३घ) थपिएको छः-

"(३घ) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वदेशी घरेलु उद्योग भनी तोकिदिएको घरेलु उद्योगबाट उत्पादित पच्चीस लाख रूपैयाँसम्मको मालसामान सार्वजनिक निकायले त्यस्तो घरेलु उद्योगसँग खरिद सम्झौता गरी सोझै खरिद गर्न सक्नेछ ।"

(७) उपनियम (४) मा रहेका "पच्चीस हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक लाख रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(८) उपनियम (५) पछि देहायका उपनियम (५क), (५ख) र (५ग) थपिएका छन्ः–

"(५क) सार्वजनिक निकायले अर्को कुनै सार्वजनिक निकायबाट उत्पादित वा वितरित कुनै मालसामान वा सेवा खरिद गर्नु परेमा त्यस्तो मालसामान वा सेवा उत्पादन वा वितरण गर्ने सार्वजनिक निकायको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणीत गरिएपछि मात्र लागू हुनेछ

अधिकार प्राप्त अधिकारीबाट निर्धारित बिक्री मूल्यमा सोझै खरिद गर्न सक्नेछ ।

(५ख) सार्वजनिक निकायले कुनै अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था वा विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकायसँग कुनै मालसामान खरिद गर्नु पर्दा त्यस्तो संस्था, सरकार वा निकायबाट निर्धारित बिक्री मूल्यमा सोझै खरिदगर्न सक्नेछ।

(५ग) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक निकायले उपनियम (५क) र (५ख) बमोजिम खरिद गर्नु पर्दा कुनै जमानत माग गर्नु पर्ने छैन ।"

४८. **मूल नियमावलीमा नियम ८७क. थप**: मूल नियमावलीको नियम ८७ पछि देहायको नियम ८७क. थपिएको छ :-

"८७क. **खरिदसम्बन्धी अन्य व्यवस्था**: (१) ऐनको दफा ६७ को उपदफा (१) को खण्ड (ख) अनुसार खरिद गर्दा नेपाल सरकार र दातृपक्ष बीच भएको सम्झौता बमोजिमको दातृ पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाइडलाइन) मा उल्लेख नभएका कुराहरूको हकमा ऐन र यस नियमावली बमोजिम हुनेछ ।

(२) ऐनको दफा ६७ को उपदफा (१) को खण्ड (ग) को प्रयोजनका लागि निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी व्यापारिक कारोबार गर्ने सार्वजनिक निकायहरूको विवरण अनुसूची-५क. बमोजिम हुनेछ ।

(३) ऐनको दफा ६७ को उपदफा (३) बमोजिम कार्यविधिबनाउँदा सार्वजनिक खरिद सम्बन्धी मूलभूत सिद्धान्त विपरीत नहुने गरी बनाउनु पर्नेछ ।"

४९. **मूल नियमावलीको नियम ९० मा संशोधन**: मूल नियमावलीको नियम ९० मा रहेका "निकायको प्रमुखले"भन्ने शब्दहरू पछि

"पन्ध्र दिन भित्रै नयाँ खरिद प्रकृया प्रारम्भ गर्नु पर्नेछ र नयाँ प्रक्रिया टुङ्गो नलागे सम्म" भन्ने शब्दहरू राखिएका छन् ।

५०. <u>मूल नियमावलीको नियम ९४ मा संशोधनः</u> मूल नियमावलीको नियम ९४ को उपनियम (१०) पछि देहायको उपनियम (११) थपिएको छः-

"(११) सार्वजनिक निकायले उपनियम (१) बमोजिम घर जग्गा भाडामा लिंदा काठमाडौं उपत्यकाभित्र वार्षिक पन्ध्र लाख रूपैयाँसम्म र काठमाडौं उपत्यका बाहिर बार्षिक पाँच लाख रूपैयाँसम्म भाडा तिर्नुपर्ने गरी भाडामा लिंदा वा विशेष परिस्थितिमा घर जग्गा भाडामा लिनुपरेमा घरधनीसँग सोझै वार्ता गरी घर जग्गा भाडामा लिन सक्नेछ ।"

५१. <u>मूल नियमावलीको नियम ९५ मा संशोधनः</u> मूल नियमावलीको नियम ९५ को उपनियम (३) मा रहेका "एकलाख रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "पाँच लाख रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

५२. <u>मूल नियमावलीको नियम ९९ मा संशोधनः</u> मूल नियमावलीको नियम ९९ को,-

(१)उपनियम (२) मा रहेका "अवधि दिई"भन्ने शब्दहरू पछि "राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचार पत्रमा" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपनियम (३) र (४) मा रहेका "उपनियम (३)" भन्ने शब्दहरूको सट्टा "उपनियम (२)" भन्ने शब्दहरू राखिएका छन्।

५३. <u>मूल नियमावलीको नियम १०१ मा संशोधनः</u>मूल नियमावलीको नियम १०१ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर पूर्वयोग्यता वा प्राविधिक प्रस्ताव जस्ता मूल्य नखुल्ने प्रकृतिका बोलपत्र वा प्रस्तावको मूल्याङ्कन उपर पुनरावलोकन समिति समक्ष निवेदन दिन यस नियमले बाधा पर्ने छैन ।"

812



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

५४. <u>मूल नियमावलीको नियम १०२ मा संशोधनः</u> मूल नियमावलीको नियम १०२ को सट्टा देहायको नियम १०२ राखिएको छः-

"१०२. <u>विवरण पेश गर्नु पर्नेः</u> पुनरावलोकन समितिको अध्यक्ष तथा सदस्यले पदमा बहाल रहनु अघि खण्ड (क) र (ख) बमोजिम र पदमा बहाल भएपछि खण्ड (ग) बमोजिमको विवरण सार्वजनिक खरिद अनुगमन कार्यालय मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गर्नु पर्नेछः-

(क) शैक्षिक योग्यता र सम्बन्धित क्षेत्रको अनुभव लगायतका व्यक्तिगत विवरण,

(ख) कुनै व्यापार व्यवसायमा संलग्न भए सोको विवरण,

(ग) आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्ति विवरण पहिलो पटक पदमा बहाल भएको मितिले पैंतीस दिनभित्र र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र।"

५५. <u>मूल नियमावलीको नियम १०४ मा संशोधनः</u> मूल नियमावलीको नियम १०४ को,-

(१) उपनियम (१) मा रहेका"०.५ (दशमलब पाँच)" भन्ने शब्दहरूको सट्टा "०.१५ (शुन्य दशमलब एकपाँच)" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) पूर्वयोग्यता वा प्राविधिक प्रस्ताव जस्ता मूल्य नखुल्ने प्रकृतिका प्रस्तावको मूल्याङ्कन उपर पुनरावलोकन समिति समक्ष निवेदन दिनु पर्दा पूर्वयोग्यता प्रस्तावको हकमा नियम ५३ को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही तोकिएको एकमुष्ट रकम र प्राविधिक प्रस्तावको हकमा बोलपत्र



M18 813

आधिकारिकता मुद्रण विभागबाट प्रमाणीत गरिएपछि मात्र लागु हुनेछ

जमानतको दश प्रतिशतले हुने रकम बराबर जमानत राख्नु पर्नेछ।"

५६. **मूल नियमावलीको नियम १०५ मा संशोधनः** मूल नियमावलीको नियम १०५ कोउपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) सार्वजनिक निकायले उपनियम (१) बमोजिम पुनरावलोकनको निवेदन परेको जानकारी प्राप्त गरेपछि पुनरावलोकन समितिले निर्णय नदिए सम्म खरिद सम्झौता रोक्का राख्नु पर्नेछ।"

५७. **मूल नियमावलीको नियम १०८ मा संशोधनः** मूल नियमावलीको नियम १०८ मा रहेका "राख्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "राखी त्यसको जानकारी प्रत्येक वर्ष सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु पर्नेछ" भन्ने शब्दहरूराखिएका छन् ।

५८. **मूल नियमावलीको नियम ११० मा संशोधनः** मूल नियमावलीको नियम ११० को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिमको कार्य सम्पादन जमानत पेश गर्दा ऐनको दफा २७ को उपदफा (४) मा उल्लेख गरे बमोजिमको रकम हुनु पर्नेछ।"

५९. **मूलनियमावलीकोनियम१११मासंशोधनः** मूल नियमावलीको नियम १११ को उपनियम (१) को खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-

"(ज१) निर्माण व्यवसायीले निर्माण कार्यस्थलमा अनुसूची-८ बमोजिमको विवरण सूचना पाटीमा अनिवार्य रूपमा राख्ने व्यवस्था गर्नु पर्ने,"

६०. **मूल नियमावलीको नियम ११२ मा संशोधनः** मूल नियमावलीको नियम ११२ को उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

"(४क) परामर्श सेवा खरिदमा परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकमको सबै किसिमको जोखिम व्यहोर्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) गराउनु पर्नेछ ।"

६१. <u>मूल नियमावलीको नियम ११३ मा संशोधन</u>: मूल नियमावलीको नियम ११३ को उपनियम (१), (२) र (३) को सट्टा देहायका उपनियम (१), (२),र (३) राखिएका छन्:-

"(१) आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई ऐनको दफा ५२क. को अधीनमा रही खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रूपमा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पेश्की दिँदा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैङ्कबाट जारी भएको बैङ्क जमानत एवम् त्यस्तो बैङ्क जमानत विदेशी बैङ्कले जारी गरेको भए नेपाल भित्रको वाणिज्य बैङ्कले प्रति प्रत्याभूति (काउन्टर ग्यारेण्टी) लिई पेश्की दिनु पर्नेछ ।"

६२. <u>मूल नियमावलीको नियम ११८ मा संशोधन</u>: मूल नियमावलीको नियम ११८ को सट्टा देहायको नियम ११८ राखिएको छ:-

"११८. <u>भेरिएसन सम्बन्धी कार्यविधि</u>: (१) खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नु

पर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्माण कार्यको भेरिएसन आदेश जारी गर्नु पर्दा देहाय बमोजिमको विवरण खुलाई ऐनको दफा ५४ बमोजिम त्यस्तो भेरिएसन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनु पर्नेछः-

(क) निर्माण कार्यको ड्रईङ, डिजाईन तथा स्पेसिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा,

(ख) भेरिएशन परिमाणको प्राविधिक पुष्टयाईं र कारण,

(ग) ऐनको दफा ५क. को उपदफा (२) बमोजिम लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत, र

(घ) स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा ।

(३)उपनियम (१) बमोजिम मालसामान वा अन्य सेवा कार्यको भेरिएसन आदेश जारी गर्नु पर्दा देहाय बमोजिमको विवरण खुलाई ऐनको दफा ५४ बमोजिम त्यस्तो भेरिएसन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनु पर्नेछः-

(क) मालसामान वा अन्य सेवाको ड्रईङ, डिजाईन तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

स्पेसिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा त्यस्तो मालसामान वा सेवाको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा,

(ख) भेरिएशन परिमाणको प्राविधिक पुष्टयाईं र कारण,

(ग) ऐनको दफा ५क. को उपदफा (२) बमोजिम लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत,

(घ) स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा ।

(४) उपनियम (१) बमोजिम परामर्श सेवाको भेरिएसन आदेश जारी गर्नु पर्दा देहाय बमोजिमको विवरण खुलाई ऐनको दफा ५४ बमोजिम त्यस्तो भेरिएसन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनु पर्नेछः-

(क) परामर्श सेवाको कार्यक्षेत्र, आवश्यकता, कार्यक्षेत्रगत शर्त, योग्यता वा विशेषज्ञता आदि बदल्नु पर्ने नपर्ने र बदल्नु पर्ने भएमा त्यस्तो सेवाको आधारभूत प्रकृति वा क्षेत्र वा प्रस्तावित दक्ष वा विशेषज्ञ परिवर्तन हुने वा नहुने कुरा,



818 817

(ख) भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याईं र कारण,

(ग) ऐनको दफा ५क. को उपदफा (२) बमोजिम लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत, र

(घ) स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा ।

(५) सार्वजनिक निकायले उपनियम (१) बमोजिम भेरिएसन आदेश जारी गर्दा विशेषज्ञहरूको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र जारी गर्न सक्नेछ ।"

६३. <u>मूल नियमावलीको नियम १२० मा संशोधन</u>: मूल नियमावलीको नियम १२० को,-

(१) उपनियम (२) को खण्ड (ख)मा रहेको "र" भन्ने शब्द झिकिएको छ।

(२) खण्ड(ख) पछि देहायको खण्ड (ख१) थपिएको छ:-

"(ख१) ऐनको दफा ६७क. बमोजिम कागजात झिकाएको कारणबाट काममा ढिलाइ भएको हो वा होइन, र"

६४. <u>मूल नियमावलीको नियम १२९ मा संशोधन</u>: मूल नियमावलीको नियम १२९ कोसट्टा देहायको नियम १२९ राखिएको छ:-

"१२९. <u>विवाद समाधान</u> :ऐनको दफा ५८ बमोजिम आपसी सहमतिबाट विवाद समाधान गर्नु पर्ने विषय, विवाद समाधानको लागि निवेदन दिने प्रक्रिया,आपसी सहमतिको लागि हुने बैठक तथा निर्णयहरूको प्रक्रिया समेत खरिद सम्झौतामा उल्लेख गरी त्यस्तो विवाद समाधान गर्नु पर्नेछ।"

६५. <u>मूल नियमावलीको नियम १३५ मा संशोधनः</u>मूल नियमावलीको नियम १३५ को सट्टा देहायको नियम १३५ राखिएको छः-

"१३५. <u>मध्यस्थको माध्यमद्वारा विवाद समाधानः</u> नियम १२९ बमोजिमको प्रक्रियाद्वारा खरिद सम्झौता कार्यान्वयनको विषयमा सार्वजनिक निकाय र निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबीच उत्पन्न भएको विवाद आपसी सहमतिवाट समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम मध्यस्थको माध्यमबाट त्यस्तो विवाद समाधान गर्ने कारबाही शुरु गर्नु पर्नेछ ।"

६६. <u>मूल नियमावलीको नियम १३७ मा संशोधनः</u> मूल नियमावलीको नियम १३७ को उपनियम (२) मा रहेको "र नभए"भन्ने शब्दहरूको सट्टा "वा" भन्ने शब्द राखिएको छ ।

६७. <u>मूल नियमावलीको नियम १४१ मा संशोधनः</u>मूल नियमावलीको नियम १४१ को उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएको छः-

"(४क) उपनियम (४) बमोजिमको लिखित सूचना निजको कार्यालय वा घरमा पठाउँदा निज फेला नपरेमा सो सम्बन्धमा राष्ट्रियस्तरको समाचारपत्रमा कम्तीमा दुई पटक सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यसरी सूचना प्रकाशन भएकोमा त्यस्तो सूचना रीत पूर्वक दिएको मानिनेछ।"

६८. <u>मूल नियमावलीको नियम १४४ मा संशोधनः</u> मूल नियमावलीको नियम १४४ को खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-

"(ञ१) पुनरावलोकन समितिको निर्णय कार्यान्वयनको अनुगमन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रतिवेदन पेश गर्ने,"

६९. <u>मूल नियमावलीको नियम १४५क. मा संशोधनः</u> मूल नियमावलीको नियम १४५क. को उपनियम (३) पछि देहायकाको उपनियम (३क) थपिएको छः-



820
819

"(३क) उपनियम (१) बमोजिमको कार्यालय स्थापना भई नसकेको अवस्थामा ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको केन्द्रीयस्तरका सार्वजनिक निकायले खुला बोलपत्रको माध्यमद्वारा संरचनात्मक सम्झौता गरी अत्यावश्यक औषधिजन्य मालसामान तथा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द वा स्टेशनरी खरिद गर्न सक्नेछ । यस्तो खरिद कारबाहीको बोलपत्र सम्बन्धी कागजात तथा संरचनात्मक खरिद सम्झौताको नमुना सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत भए बमोजिम हुनेछ ।"

७०. <u>मूल नियमावलीको नियम १४६ मा संशोधनः</u> मूल नियमावलीको नियम १४६ को सट्टा देहायको नियम १४६ राखिएको छः-

"१४६. <u>विद्युतीय सञ्चार माध्यमको प्रयोगः</u>(१) सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनको लागि एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्नेछ ।

(२) सार्वजनिक निकायले उपनियम (१) बमोजिम स्थापना भएको विद्युतीय खरिद प्रणालीमा आवद्ध भई खरिद कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(३) सार्वजनिक निकायले खरिद कार्य गर्दा उपनियम (१) बमोजिम स्थापना भएको विद्युतीय खरिद प्रणालीको पोर्टलमा दर्ता भई खरिद कारबाही सञ्चालन गर्नु पर्नेछ।

(४) सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणालीबाट हुने खरिदको कार्यविधि, प्रणाली र यसका अन्तरनिहित सिद्धान्त समय समयमा जारी गर्नेछ।"

७१. <u>मूल नियमावलीको नियम १४९ मा संशोधनः</u> मूल नियमावलीको नियम १४९ को उपनियम (६) पछि देहायको उपनियम (७) थपिएको छः-

820

"(७) सार्वजनिक निकायले बोलपत्रको माध्यमबाट गरिने खरिद कार्यको सम्झौता कार्यान्वयन भई सकेपछि सो कार्य सम्पन्न भएको संक्षिप्त विवरण प्रमाणित गरी सम्बन्धित सार्वजनिक निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा राखी सार्वजनिक गर्नु पर्नेछ ।"

७२. <u>खारेजीः</u> मूल नियमावलीको नियम १३०, १३१, १३२, १३३ र १३४ खारेज गरिएका छन्।

७३. <u>मूल नियमावलीको अनुसुचीमा संशोधनः</u>(१) मूल नियमावलीको,-

(१) अनुसूची-२ मा रहेको "खण्ड (ग)" भन्ने शब्दहरूको सट्टा "खण्ड (च)" भन्ने शब्दहरू राखिएका छन्।

(२) अनुसूची-३ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) <u>डिजाईन, आपूर्ति, जडान र मर्मत सम्भार सम्झौताः</u> ठूला बोइलर, ठूला पावर प्लान्ट, पम्पिङ स्टेशन, टर्बाइन, रज्जुमार्ग, रेलमार्ग, केबलकार, एसेम्बलीलाइन, औद्योगिक प्लान्ट जस्ता उच्च वा जटिल प्रविधि युक्त मालसामानको डिजाइन गर्ने, निर्माण स्थलमा आपूर्ति गरी जडान गर्ने, परीक्षण सञ्चालन गर्ने, त्यस्तो मालसामानको सञ्चालन गर्न सम्बन्धित सार्वजनिक निकायका कर्मचारीलाई आवश्यकता अनुसार तालीम दिने र त्यस्तो संरचनाको मर्मत सम्भार समेत गर्ने व्यवस्था गर्न डिजाइन, आपूर्ति, जडान र मर्मत सम्भार सम्झौता गर्न सकिनेछ ।"

(३) अनुसूची-४ को खण्ड (ज) पछि देहायका खण्ड (झ) र (ञ) थपिएका छन्:–

"(झ) <u>निर्माण र मर्मत सम्भार सम्झौताः</u> ठूला द्रुतमार्ग, ठूला जलाशय सहितको पावर प्लान्ट वा पम्पिङ स्टेशन वा टर्बाइन, रज्जुमार्ग, रेलमार्ग, केबलकार

वा यस्तै अन्य उच्च वा जटिल प्रविधियुक्त भौतिक संरचनाको निर्माण गर्न, परीक्षण सञ्चालन गर्ने, त्यस्तो संरचनाको सञ्चालन गर्न सम्बन्धित सार्वजनिक निकायका कर्मचारीलाई आवश्यकता अनुसार तालीम दिने र त्यस्तो संरचनाको मर्मत सम्भार समेत गर्ने व्यवस्था गर्न निर्माण र मर्मत सम्भार सम्झौता गर्न सकिनेछ ।

(ञ) टर्नकी सम्झौताः ठूला द्रुतमार्ग, ठूला जलाशय सहितको पावर प्लान्ट वा पम्पिङ स्टेशन वा टर्बाइन, रज्जुमार्ग, रेलमार्ग, केबलकार, उच्च प्रविधियुक्त पुल वा सडकमार्ग वा यस्तै अन्य उच्च वा जटिल प्रविधियुक्त भौतिक संरचनाको निर्माण गर्न, परीक्षण सञ्चालन गर्ने, त्यस्तो संरचनाको सञ्चालन गर्ने कार्य सम्पन्न गरी सार्वजनिक निकायलाई हस्तान्तरण गर्ने व्यवस्था गर्नको लागि टर्नकी सम्झौता गर्न सकिनेछ ।"

७४. मूल नियमावलीमा अनुसूची थपः मूल नियमावलीमा यसैसाथ संलग्न अनुसूची-१क., २क., २ख., २ग., ५क. र ८ थपिएका छन्।



822

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## अनुसूची-१क.
### (नियम १२ को उपनियम (४) सँग सम्बन्धित)
### परामर्श सेवाको लागत अनुमानको ढाँचा

| सेवा खर्च शीर्षक (क) | एकाई (ख) | शीर्षकको प्रतिइकाइ दर (ग) | शीर्षकको जम्मा परिमाण (घ) | शिर्षकको जम्मा लागत (ङ)= (गXघ) |
|---|---|---|---|---|
| शीर्षक (१) जनशक्तिको पारिश्रमिक (ङ१) | | | | ङ१=(गXघ) |
| शीर्षक (२) भ्रमण, बसोबास, मालसामान वा उपकरण वा सेवा लगायतका सोधभर्ना हुने खर्च (ङ२) | | | | ङ२=(गXघ) |
| शीर्षक (३) तालीम, गोष्ठी, कागजात छपाई वा अनुवाद लगायतका अन्य फुटकर खर्च (ङ३) | | | | ङ३=(गXघ) |
| कुल जम्मा लागत (च) | | | | (च)=( ङ१+ङ२+ङ३) |
| कार्यालयको व्यवस्थापन खर्च ५ प्रतिशत (छ) | | | | (छ)=(चX ०.०५) |
| कूल लागत अनुमान अङ्क (ज) | | | | (ज)=(च+छ) |

१. बोलपत्र तुलनाको लागि कुल लागत अनुमान अङ्क (ज) हुनेछ ।

२. पारिश्रमिक खर्च (ङ१), सोधभर्ना हुने खर्च (ङ२) र अन्य फुटकर खर्च (ङ३) को विस्तृत विवरण तयार गरी यस लागत अनुमान फारामको साथमा राखी प्रस्तुत गर्नु पर्नेछ ।

३. उपरोक्त अनुसार लागत अनुमान तयार गरिसकेपछि बजेट व्यवस्थापनको लागि आवश्यकताअनुसार जम्मा लागत अनुमानमा मूल्य समायोजन कन्टिन्जेन्सी वापत १० प्रतिशतले, विभिन्न कर वापत १० प्रतिशतले र मूल्य अभिवृद्धि कर रकम समेत थप गरी कूल लागत अनुमान अङ्क कायम गर्नु पर्नेछ ।

मुद्रण विभाग, सिंहदरबार



524

आधिकारिकता मुद्रण विभागबाट प्रमाणीत गरिसकेपछि मात्र लागू हुनेछ।

अनुसूची-२क.
(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)
मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचा

श्री कार्यालय प्रमुखज्यू, मिति...................

............................. कार्यालय

.............................।

विषय: मौजुदा सूचीमा दर्ता गरी पाउँ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

तपशिल:

| | |
|---|---|
| १. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण: | |
| (क) नाम: | (ख) ठेगाना: |
| (ग) पत्राचार गर्ने ठेगाना: | (घ) मुख्य व्यक्तिको नाम: |
| (ङ) टेलिफोन नं. : | च) मोवाईल नं.: |
| २. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्नबमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला । | |
| (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(ख) नविकरण गरिएको छ ☐ छैन ☐<br>(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्वर दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(घ) कर चुक्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दार्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि छ ☐ छैन ☐ | |



825

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| ३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण : | | | |
|---|---|---|---|
| (क) मालसामान आपूर्ति: (मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | | (ख) निर्माण कार्य | |
| (ग) परामर्श सेवा: (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | | (घ) अन्य सेवा: (अन्य सेवाको प्रकृति उल्लेख गर्ने) | |
| निवेदन दिएको मिति :<br>आ. व. : | फर्मको छाप : | | निवेदकको नाम :<br>हस्ताक्षर : |

मुद्रण विभाग, सिंहदरबार



826

अनुसूची-२ख.
(नियम १८ को उपनियम (२) सँग सम्बन्धित)
मौजुदा सूचीमा दर्ता भएको निस्साको ढाँचा
नेपाल सरकार
....... मन्त्रालय
.......................विभाग

श्री ..................................... कार्यालय
.....................................।

मौजुदा सूचीमा दर्ता भएको प्रमाण

प्र.प.नं. :
सूची दर्ता नं. :

श्री.........................................................बाट यस जिल्ला स्थित सरकारी कार्यालयहरूमा आर्थिक वर्ष ............का लागि........................निमार्ण कार्य/ सेवा/मालसामान उपलब्ध गराउने प्रयोजनार्थ मौजुदा सूचीमा सूचीकृत हुन पाउँ भनी मिति.........................मा यस कार्यालयमा निवेदन प्राप्त हुन आएको मौजुदा सूचीमा दर्ता गरी यो निस्सा/प्रमाण उपलब्ध गराइएको छ ।

दर्ता गर्ने अधिकारीको,-

नाम :

पद :

मिति :

दस्तखत :

मुद्रण विभाग, सिंहदरबार



327

अनुसूची -२ग.
(नियम १८ को उपनियम (३) सँग सम्बन्धित)
मौजुदा सूचीको अभिलेख दर्ता पुस्तिकाको ढाँचा

नेपाल सरकार
....... मन्त्रालय
.......................विभाग

श्री .....................................कार्यालय
.....................................।

## मौजुदा सूचीको अभिलेख दर्ता पुस्तिका

(आर्थिक वर्ष...........)

| सि.नं. | दर्ता नं. | दर्ता मिति | व्यक्ति/फर्मको विवरण | | | | कामको विवरण ( निर्माण, मालसामान, परामर्श सेवा, गै.स.स.,अन्य सेवा) | मालसामान / सेवाको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नं. | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार



828

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

अनुसूची-५क.
(नियम ८७क.को उपनियम (२) सँग सम्बन्धित)

निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी व्यापारिक कारोवार गर्ने सार्वजनिक निकायहरू

१. नेपाल दूर सञ्चार कम्पनी लिमिटेड
२. नेपाल खाद्य संस्थान
३. नेशनल ट्रेडिङ्ग लिमिटेड
४. नेपाल वायुसेवा निगम
५. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
६. नेपाल औषधि लिमिटेड
७. सिंहदरबार वैद्यखाना विकास समिति
८. जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड
९. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य सार्वजनिक निकाय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

## अनुसूची-८
### (नियम १११को उपनियम (१) को खण्ड (ज१) सँग सम्बन्धित)
### निर्माण कार्यस्थल सूचना पाटी

आयोजनाको नाम ..........................................
सम्बन्धित सार्वजनिक निकायको नाम :...............................................
निर्माण कम्पनी/फर्म/संस्थाको नाम :...........................................ठेगाना :........................
परामर्शदाता कम्पनी/फर्म/संस्थाको नाम : ......................... ठेगाना :............................
आयोजना सम्झौता मिति:........................ कार्य प्रारम्भ भएको मिति:..............................
सम्पन्न गर्नुपर्ने मिति:................................. लागत अनुमान रकम:..................................
सम्झौता रकम :.................................... बजेटको स्रोत : नेपाल सरकार रू. :.............,
बैदेशिक ऋण/अनुदान रू. :.....................
मुख्य मुख्य कामको समय तालिका:

| सि. नं. | मुख्य मुख्य कामको विवरण | सम्पन्न हुने समयावधि | निर्धारित समयमा सम्पन्न नभएको भए सो को कारण | थप लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

**आज्ञाले,**
**कमलशाली घिमिरे**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. २५।-
गो.हु.द.नं. १६।२०६२।६३